विधेयक संख्याः

# सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक


सङ्घीय संसद् सचिवालय

संसद भवन, सिंहदरबार,

२०८३

## उद्देश्य र कारण

नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नको लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्नको लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ कार्यान्वयनमा रहेको छ। नेपालको पछिल्लो जनगणना अनुसार नेपालको जनसंख्या वृद्धिदर निरन्तर घट्दो क्रममा रहेको हुनाले जनसंख्या वृद्धिको लागि बिदा प्रोत्साहन समेतका व्यवस्था हुने गरी कानूनमा संशोधन गर्न आवश्यक रहेको छ। तालिम प्राप्त प्रसूतिकर्मीबाट प्रसूति सेवा प्रदान गर्ने, प्रसूति सेवा प्रदान गर्न इन्कार गर्न नहुने, सुत्केरी अवस्थाका महिलाहरू प्रति हिंसा गर्न नहुने, सरकारी तथा गैरसरकारी वा निजी निकायमा कार्य गर्ने महिलालाई सुत्केरी हुनु अघि पछि गरी छ महिनाको तलब सहितको सुत्केरी बिदा तथा पुरुष कर्मचारीको पत्नि सुत्केरी हुने भएमा बयालीस दिन तलब सहितको प्रसूति स्याहार बिदा दिने, विशेष अवस्थामा गर्भपतन गर्नुपर्ने व्यवस्थालाई थप एवं संशोधन गर्ने, बलपूर्वको गर्भपतन सम्बन्धी अवस्था थप तथा संशोधन गर्ने, थप भएका व्यवस्थालाई कसूर कायम गरी सो वापत सजाय समेतको व्यवस्थाका लागि संशोधन गर्नुपरेको हुनाले प्रस्तुत आमाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पेश गरिएको छ।

प्रस्तुत विधेयक आर्थिक वर्ष २०८३/०८४ को संघीय संसदमा पेश गरिने विधेयकको दोस्रो प्राथमिकता सूचीमा समेत समावेश रहेको हुनाले प्रस्तुत विधेयक जारी भै कार्यान्वयन हुन आवश्यक छ।

निशा मेहता
मन्त्री
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

२०८३ असोज ०२

# आर्थिक टिप्पणी

मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रस्तावित संशोधनका व्यवस्थाहरूले विद्यमान अवस्थामा कार्यान्वयनमै रहेको संरचनाद्धारा कार्यान्वयन गरिने हुनाले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिंदैन ।

(निशा मेहता)
मन्त्री
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| क्र.स. | विधेयकको दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ११ बाट थप भएको मूल ऐनको दफा ११ को उपदफा (१) | इजाजतपत्रप्राप्त स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सूचीकरण गर्नु पर्ने भएको हुनाले। | नियमावलीमा सूचीकरण गर्ने निकाय र विधि तय गरिने | स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था सूचिकरण गरी सुरक्षित गर्भपतनलाई प्रभावकारी बनाउदै गैर कानूनी गर्भपतनलाई नियमन गरिने। |

# सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ मा संशोधन:** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रूपमा जन्मनु अगावै गर्भाशयबाट बाहिर निकाल्ने कार्य सम्झनुपर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ:-

"(छ) "गर्भपतन सेवा" भन्नाले प्रचलित कानूनबमोजिम इजाजत पत्र प्राप्त गरी गर्भपतन सेवा प्रदान गर्नको लागि दफा १८ को उपदफा (१) बमोजिम सूचिकृत भएका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीबाट प्रदान गरिने गर्भपतन सेवा सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (क) मा रहेका "चार पटक" भन्ने शब्दहरूको सट्टा "चार पटक र गर्भवती महिलाको स्वास्थ्य स्थितिको आधारमा चिकित्सकको सिफारिसबमोजिम आवश्यकता अनुसार" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल ऐनको दफा ६ मा संशोधन:** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले दक्ष स्वास्थ्यकर्मी वा सो नभए तालिम प्राप्त प्रसूतिकर्मीबाट प्रसूति सेवा प्रदान गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "गैरसरकारी तथा निजी" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले गर्भवती महिलालाई आर्थिक वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम गर्भवती सेवा वा प्रसूति सेवा प्रदान गर्न इन्कार गर्नु हुँदैन।"

५. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>:** मूल ऐनको दफा ९ को उपदफा (३) मा रहेका "भएका तथा" भन्ने शब्दहरू झिकिएका छन् ।

६. **<u>मूल ऐनमा दफा १२क. थप</u>** : मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छ:-

"**१२क. <u>हिंसा गर्न नहुने</u>:** कसैले गर्भ अवस्थादेखि सुत्केरी अवस्थाका महिलालाई हिंसा गर्नु गराउनु हुँदैन।

**<u>स्पष्टीकरण</u>:** यस दफाको प्रयोजनका लागि "हिंसा" भन्नाले कुनै व्यक्तिले गर्भ अवस्था देखि सुत्केरी अवस्थाका महिलालाई दिएको शारीरिक, मानसिक वा यौनजन्य हिंसा सम्झनु पर्छ।"

७. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>:** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तीमा छ महिनासम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ।"

(२) उपदफा (४) मा रहेका "समेत उपदफा (१) बमोजिमको बिदा पाउनेछ" भन्ने शब्दहरूको सट्टा "अन्ठानब्बे दिनसम्मको तलब सहितको प्रसूति बिदा पाउनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ:-

"(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले पत्नी सुत्केरी हुनुअघि वा पछि पारिश्रमिक सहितको बयालिस दिनसम्मको प्रसुति स्याहार बिदा पाउनेछ।"

८. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>** : मूल ऐनको दफा १४ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर दफा १३ को उपदफा (१) बमोजिमको प्रसूति बिदा लिएको अवधिमा भएको शल्यक्रियाको हकमा त्यस्तो बिदा दिइने छैन।"

९. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>:** मूल ऐनको दफा १५ को,-

(१) खण्ड (ख) मा रहेका "अठ्ठाइस हप्तासम्मको गर्भ" भन्ने शब्दहरूको सट्टा "जतिसुकै अवधिको गर्भ" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) अठार वर्षभन्दा कम उमेरको बालिकाको हकमा जबर्जस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा जतिसुकै अवधिको गर्भ,

(३) खण्ड (ग) मा रहेका "रहन गएको गर्भ" भन्ने शब्दहरूको सट्टा "गर्भ रहन गएकोमा" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (घ) झिकिएको छ।

(५) खण्ड (ङ) मा रहेका "अठ्ठाइस हप्तासम्मको गर्भ" भन्ने शब्दहरूको सट्टा "जतिसुकै अवधिको गर्भ" भन्ने शब्दहरू राखिएका छन्।

१०. **<u>मूल ऐनको दफा १६ मा संशोधन</u>** : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. **<u>बलपूर्वक गर्भपतन गराउन नहुने</u>** : (१) कसैले पनि बलपूर्वक गर्भपतन गराउनु हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिनेछ :-

(क) दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराएमा वा गराउन सहयोग गरेमा,

(ख) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराएमा वा गराउन सहयोग गरेमा,

(ग) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा, वा

(घ) कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भपतन हुन गएमा।

(३) कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिसइबीले केही गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि बलपूर्वक गर्भपतन गराएको मानिनेछ।"

११. **<u>मूल ऐनको दफा १८ मा संशोधन</u>** : मूल ऐनको दफा १८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्रचलित कानूनबमोजिम इजाजतप्राप्त स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन तोकिएबमोजिम सूचिकृत हुनु पर्नेछ।"

१२. **<u>मूल ऐनको दफा २४ मा संशोधन</u>** : मूल ऐनको दफा २४ को,-

(१) खण्ड (क), (ख), (ग) र (ज) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (ज) राखिएका छन् :-

| | | |
|---|---|---|
| “(क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सहसचिव, महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ज) | शाखा प्रमुख, कानून शाखा, मन्त्रालय | -सदस्य” |

(२) खण्ड (झ) मा रहेका “एक महिला सहित” भन्ने शब्दहरूको सट्टा “कम्तीमा एकजना महिलासहित” भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल ऐनको दफा २५ मा संशोधन</u>** : मूल ऐनको दफा २५ को,-

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

“(ग१) दफा ७ को उपदफा (३) बमोजिम अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) नगरेको कारण जोखिम वा हानि भएमा,”

(२) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

“(च१) दफा १२क. विपरीत हिंसा गरेमा,”

(३) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

“(ट१) दफा २९क. को उपदफा (१) बमोजिम सेवा प्रदान नगरेमा,”

१४. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>** : मूल ऐनको दफा २६ को खण्ड (क) मा रहेका “खण्ड (क), (ख), (ग), (घ), र (ठ) बमोजिमको कसुर” भन्ने शब्दहरूको सट्टा “खण्ड (क), (ख), (ग), (ग१), (घ), (च१), (ट१) र (ठ) बमोजिमको कसुर” भन्ने शब्दहरू राखिएका छन्।

१५. **<u>मूल ऐनको दफा २९ मा संशोधन</u>** : मूल ऐनको दफा २९ मा रहेका “प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा” भन्ने शब्दहरूको सट्टा “प्रजनन् स्वास्थ्य रुग्णता लगायतका सेवा” भन्ने शब्दहरू राखिएका छन्।

१६. **<u>मूल ऐनमा दफा २९क. थप</u>** : मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छ :-

“**२९क. <u>विपद्मा प्राथमिकता दिनुपर्ने</u>** : (१) स्वास्थ्य संस्थाले विपद्को अवस्थामा सेवा प्रदान गर्दा सुरक्षित मातृत्व, आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा र सुरक्षित गर्भपतन सेवालाई प्राथमिकता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्नका लागि स्वास्थ्य संस्थाले तोकिए बमोजिमका नवीनतम वैज्ञानिक प्रविधि उपयोग गर्न सक्नेछ।”

१७. **रुपान्तर** : मूल ऐनको ठाउँ ठाउँमा रहेका "परिवार नियोजन" भन्ने शब्दहरूको सट्टा "परिवार योजना" भन्ने शब्दहरू राखिएका छन्।

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा गर्नुपर्ने संशोधनको तीन महले

| क.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| १. | २(घ) | "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रुपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भासयबाट भ्रूण बाहिर **निस्कने वा** निकाल्ने कार्य सम्झनु पर्छ। | (घ) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रुपमा जन्मनु अगावै गर्भाशयबाट बाहिर निकाल्ने कार्य सम्झनु पर्छ। | साविकको गर्भपतनको परिभाषाले स्वतः गर्भपतन (Miscarriage/spontaneous abortion) र प्रेरित गर्भपतन (Induced Abortion) बीचको भिन्नता गर्न नसकेकोले स्वतः गर्भपतनलाई गर्भपतनको परिभाषाबाट हटाउन आवश्यक भएको।<br>यसै ऐनको दफा १८(१) मा भएको व्यवस्था अनुसार स्वतः गर्भपतन (Miscarriage/spontaneous abortion) ले गर्दा भोलीको दिनमा गर्भवती महिला माथी कसुरदार कायम गरि अभियोग पत्र लाग्न सक्ने देखिन्छ। |
| २. | २(छ) | "गर्भपतन सेवा" भन्नाले **गर्भपतन गर्नको लागि इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थामा इजाजतप्राप्त स्वास्थ्यकर्मीले** यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी गरिने गर्भपतन सेवा सम्झनु पर्छ। | (छ) "गर्भपतन सेवा" भन्नाले प्रचलित कानूनबमोजिम इजाजत पत्र प्राप्त गरी गर्भपतन सेवा प्रदान गर्नको लागि दफा १८ को उपदफा (१) बमोजिम सूचिकृत भएका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीबाट प्रदान गरिने गर्भपतन सेवा | इजाजतपत्र प्राप्त भन्ने शब्दले गर्दा इजाजतपत्र प्राप्त गरेको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मी नभएको ठाँउ र अवस्थामा भोलिका दिनमा किशोरी तथा महिलाले सोही कारण सेवा लिनबाट बञ्चित हुनु पर्ने देखिन्छ। साथै हाले |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | सम्झनु पर्छ। | नेपालमा कोभिड १९ को महामारी र भूकम्प जस्तो विपतको समयमा इजाजतपत्र प्राप्त भन्ने शब्दले गर्दा पनि गर्भपतन सेवा लिनबाट बञ्चित हुनुपर्ने देखिएको थियो। इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थामा इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मी भन्ने शब्दले औषधीबाट गरिने गर्भपतन सेवा पनि प्रभावित हुने र यस ऐनको प्रस्तावनामा उल्लेख भए बमोजिम गर्भपतन सेवा सर्वसुलभ र पहुँचयोग्य सम्बन्धी व्यवस्थामा समस्या हुने देखिन्छ।<br>"स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मी" उल्लेख गरेमा यस<br>ऐनको प्रस्तावनामा उल्लेख भए बमोजिम गर्भपतन सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन सकिने छ। |
| ३. | ५(२) | (क) सामान्य गर्भावस्थामा कम्तीमा चार पटक स्वास्थ्य जाँच गर्ने, | (क) सामान्य गर्भावस्थामा कम्तीमा चार पटक र गर्भवती महिलाको स्वास्थ्य स्थितिको आधारमा चिकित्सकको सिफारिसबमोजिम आवश्यकता | गर्भाअवस्थामा स्वास्थ्य जाँच गर्नुपर्ने पटक स्वास्थ्यकर्मीको सिफारिसमा समेत थप गर्न उपयुक्त हुने भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | अनुसार स्वास्थ्य जाँच गर्ने, | |
| ४. | ६ (१) | (१) प्रसूति सेवा प्रदान गर्ने सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्नको लागि दक्ष स्वास्थ्यकर्मी वा सो नभए प्रसूतिकर्मी वा अन्य तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्था गर्नु पर्नेछ । | (१) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले दक्ष स्वास्थ्यकर्मी वा सो नभए तालिम प्राप्त प्रसूतिकर्मीबाट प्रसूति सेवा प्रदान गर्नु पर्नेछ। | सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रसूति सेवा प्रदान गर्न आवश्यक भएको हुनाले, |
| ५. | ६ (२) | (२) नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्नेछ । | (२) नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्नेछ । | स्वास्थ्य संस्थाले गैरसरकारी तथा निजी स्वास्थ्य संस्था उल्लेख गरिरहन नपर्ने भएको हुनाले, |
| ६. | ६ (३) | थप गर्नुपर्ने | "(३) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले गर्भवती महिलालाई आर्थिक वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम गर्भवती सेवा वा प्रसूति सेवा प्रदान गर्न इन्कार गर्नु हुँदैन। | प्रसूति सेवा प्रदान गर्ने कार्यलाई कुनै पनि कारणबाट इन्कार गर्न नहुने व्यवस्था थप गर्न आवश्यक भएको हुनाले, |
| ७. | ९ (३) | (३) प्रत्येक स्वास्थ्य संस्थाले मृतक शिशु तथा गर्भपतन भएका तथा गराएका महिलाको सङ्ख्या समेत खुल्ने गरी अभिलेख गर्नु पर्नेछ । | (३) प्रत्येक स्वास्थ्य संस्थाले मृतक शिशु तथा गर्भपतन गराएका महिलाको सङ्ख्या समेत खुल्ने गरी अभिलेख गर्नु पर्नेछ । | स्वास्थ्य संस्थामा गर्भपतन गराएका महिलाको अभिलेख व्यवस्थित गर्ने व्यवस्थालाई स्पष्ट गराउन भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| ८. | १२क. | थप गर्नुपर्ने | १२क. हिंसा गर्न नहुने : कसैले गर्भ अवस्थादेखि सुत्केरी अवस्थाका महिलालाई हिंसा गर्नु गराउनु हुँदैन।<br><br>स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "हिंसा" भन्नाले कुनै व्यक्तिले गर्भ अवस्था देखि सुत्केरी अवस्थाका महिलालाई दिएको शारीरिक, मानसिक वा यौनजन्य हिंसा सम्झनु पर्छ। | नेपालको सातौ आवधिक प्रतिवेदन माथि CEDAW कमिटिले दिएको सुझाव तथा मानव अधिकार सम्वन्धी विश्वव्यापि आवधिक प्रतिवेदन (UPR) को चौथो चक्र अन्तर्गत नेपाललाई प्राप्त सुझाव र नेपालले गरेको समर्थन कार्यान्वयन गर्नुपर्ने भएकोले, |
| ९. | १३(१) | (१) सरकारी, गैरसरकारी वा निजी संघ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुन अघि वा पछि कम्तिमा ९८ दिन सम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ। | (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तीमा छ महिनासम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ। | • वश्वि स्वास्थ्य संगठनका अनुसार शिशुलाई जन्मेको छ महिनासम्म स्तनपानमात्र गराउनु पर्दछ । किनकि आमाको दूधमा जन्मेदेखि ६ महिना उमेरसम्मका शिशुलाई चाहिने सम्पूर्ण पौष्टिक तत्वको मिश्रण उपयुक्त रूपमा रहेको हुन्छ ।<br>• नेपालमा ६ महिनासम्म स्तनपानमात्र गराउने महिलाको प्रतिशत पछिल्लो समयमा घट्दो क्रममा रहेको तथ्यांकले देखाउँछ (पछिल्लो पाँच वर्षमा पुर्ण स्तनपान गर्ने शिशुहरूको संख्या १०% ले घटेको छ।) साथै बच्चाहरूलाइ वोतल बाट दुध |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | | खुवाउने प्रतिशत बढ्दो क्रममा रहेको छ जुन बच्चाको स्वास्थ्यको लागि एकदम हानिकारक हुन्छ ।<br>• केही वर्षयता महिलाहरू घरभित्रको कामकाजमा मात्र सीमित नभई रोजगारीका लागि घरबाहिर निस्कन थालेका कारण यो संख्यामा कमी आउन थालेको हो। कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउन पाएका छैनन् ।<br>• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ ले स्तनपानको संरक्षण र सम्वद्र्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमन गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न दिशानिर्देशन गर्दछ । यस ऐन अनुसार आमाको दूधको |

| क.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | | विकल्पमा अनाधिकृत रुपमा अन्य दूध बेचविखन गर्न नपाइने उल्लेख गरीएको छ यसैले अनिवार्य रुपमा आमाको दुध नै खुवाउनु पर्ने हुन्छ |
| १०. | १३(४) | (४) कुनै गर्भवती महिलाले मृतक शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा समेत उपदफा (१) बमोजिमको बिदा पाउनेछ । | (४) कुनै गर्भवती महिलाले मृतक शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा अन्ठानब्बे दिनसम्मको तलब सहितको प्रसूति बिदा पाउनेछ। | सुत्केरी महिलाको शिशु मृत्यु भएको अवस्थामा अन्ठानब्बे दिन तलब सहितको प्रसूति बिदा दिन उपयुक्त भएको हुनाले। |
| ११. | १३(५) | (५) सरकारी, गैरसरकारी वा निजी सङ्घ सस्थामा कार्यरत पुरुष कर्मचारीका पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनु अघि वा पछि पारिश्रमिक सहितको पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ । | (५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत पुरुष कर्मचारीको पत्नि गर्भवती भएमा त्यस्तो कर्मचारीले प्रसुति हुनुअघि वा पछि पारिश्रमिक सहितको बयालिस दिनसम्मको प्रसुति स्याहार बिदा पाउनेछ। | सुत्केरी महिलाको स्याहारको लागि कम्तिमा पनि बयालिस दिन तलब सहितको प्रसूति स्याहार बिदा दिन आवश्यक भएको हुनाले, |
| १२. | १४ | १४. अतिरिक्त बिदा दिनु पर्ने : सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन् स्वास्थ्य रुग्णता (मर्बिडिटी) को कारणले जटिल शल्यक्रिया गर्नु पर्ने भएमा त्यस्तो शल्यक्रिया हुनु अघि | १४. अतिरिक्त बिदा दिनु पर्ने : सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको राय बमोजिम प्रजनन् स्वास्थ्य रुग्णता (मर्बिडिटी) को कारणले जटिल शल्यक्रिया गर्नु पर्ने भएमा त्यस्तो शल्यक्रिया | प्रजनन् स्वास्थ्य रुग्णता (मर्बिलिटी) कोको प्रयोग मुख्य रुपमा प्रसूति बाहेकको अन्य जटिल शल्यक्रिया हुनु अघि वा पछि दिने बिदा भएको हुनाले प्रसूति बिदाको अतिरिक्त थप बिदा दुरुपयोग हुन सक्ने भएको हुनाले स्पष्ट |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | वा पछि कम्तीमा तीस दिनसम्मको तलव सहितको अतिरिक्त बिदा दिनु पर्नेछ । | हुनु अघि वा पछि कम्तीमा तीस दिनसम्मको तलव सहितको अतिरिक्त बिदा दिनु पर्नेछ ।<br><br>तर दफा १३ को उपदफा (१) बमोजिमको प्रसूति बिदा लिएको अवधिमा भएको शल्यक्रियाको हकमा त्यस्तो बिदा दिइने छैन। | पारिएको, |
| १३. | १५ को खण्ड (ख) | (ख) गर्भपतन नगराएमा गर्भवती (ख) महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मन्जुरी बमोजिम अट्ठाईस हप्तासम्मको गर्भ, | (ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मन्जुरी बमोजिम जुनसुकै अवधिको गर्भ, | गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्ने वा १८ बर्ष मुनीको बालिका वा अपाङ्गता भएको महिलामाथी जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ वा भ्रूणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशानुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रूर्णमा अशक्तता हुने अवस्थामा गर्भवती महिलाको मन्जुरीले जुन सुकै अवस्थामा गर्भपतन गर्न सक्ने व्यवस्था गर्न ।<br><br>महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव |
| १४. | १५ (ख१) | थप गर्नुपर्ने, | (ख१) अठार वर्षभन्दा कम उमेरको बालिकाको हकमा जबर्जस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा जतिसुकै अवधिको गर्भ | |
| | १५ को खण्ड (ग) | (ग)जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले अट्ठाइस हप्तासम्मको गर्भ, | (ग)जबरजस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएकोमा गर्भवती महिलाको मञ्जुरीले अट्ठाइस हप्तासम्मको गर्भ, | |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | | उन्मूलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१८ मा "कुनै पनि अवस्थामा महिलालाई गर्भपतनको लागि अपराधिकरण नहुने सुनिश्चित गर्ने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन संशोधन गर्नु, जसअन्तर्गत गर्भपनतसम्बन्धी हालको कानुनी व्यवस्था जसले जबर्जस्ती करणी, हाडनाता करणी, भ्रुणमा गम्भीर कमी कमजोरी र महिलाको जीवनमा खतरा पर्ने अवस्थाका साथसाथै गर्भवती महिलाको स्वास्थ्य खतरा हुने अवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्नु र सुरक्षित गर्भपतन सेवा र स्वास्थ्य संस्था सम्बन्धी सचेतना अभिवृद्धि गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्न" भनी नेपाल सरकारलाई सुझाव दिई सकेको सन्दभमा नेपाल पक्ष भएको सन्धि सम्झौता मुताविक गर्भपतन गरेको आधारमा महिलालाई अपराधिकरण गर्न नहुने भएकोले । |
| १५. | १५ को खण्ड (घ) | (घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा अठ्ठाईस हप्तासम्मको गर्भ, | झिक्नुपर्ने | |
| १६. | १५ को खण्ड (ङ) | (ङ) भ्रूणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा | (ङ) भ्रूणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा | संयुक्त रास्ट्र संघ मानव अधिकार परिषदले |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा अठ्ठाईस हप्तासम्मको गर्भ । | अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा जुनसुकै अवधिको गर्भ । | ग्रहण गरेको नेपालको तेस्रो चक्र अन्तर्गत प्रतिवेदनको सुझाव नं. १५९.१३५ मा फ्रान्सले गर्भपतनलाई अपराधीकारण नगर्न दिएको सुझावलाई नेपाल सरकारले स्वीकार गरेको ।<br>संघीय संसद, प्रतिनिधि सभा, कानून, न्याय तथा मानव अधिकार समिति वाट सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी विद्यमान कानूनको विषयमा मिति २०७८/४/११ मा भएको निर्देशन अनुसार सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को सुरक्षित गर्भपतन गर्न पाउने कानूनी व्यवस्था परिमार्जन गर्नको लागि संशोधन मस्यौदा विधेयक बनाउनु पर्ने हुँदा। |
| १७. | १६ | १६. बलपूर्वक गर्भपतन गराउन नहुने : (१) दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन । | १६. बलपूर्वक गर्भपतन गराउन नहुने : (१) कसैले पनि बलपूर्वक गर्भपतन गराउनु हुँदैन।<br>(२) उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिनेछ :-<br>(क) दफा १५ मा उल्लिखित अवस्थामा बाहेक | साविक व्यवस्थालाई स्पष्टताको साथ दोहोरो नपर्ने गरी पुनर्लेखन गर्न आवश्यक भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | (२) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन ।<br>(३) देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिनेछः-<br>(क) उपदफा (२) बमोजिम गर्भपतन गराएमा,<br>(ख) कुनै रीसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिएमा,<br>(ग) खण्ड (क) र (ख) बमोजिमको कुनै कार्य गर्न सहयोग पुयाएमा ।<br>(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनको लागि गर्भपतन गराएको मानिनेछ । | कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराएमा वा गराउन सहयोग गरेमा,<br>(ख) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराएमा वा गराउन सहयोग गरेमा,<br>(ग) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा, वा<br>(घ) कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भपतन हुन गएमा।<br>(३) कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिसइबीले केही गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि बलपूर्वक गर्भपतन गराएको मानिनेछ। | |
| १८. | १८ को उपदफा (१) | (१) तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई दफा १५ बमोजिमको सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु | (१) प्रचलित कानूनबमोजिम इजाजतप्राप्त स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन तोकिएबमोजिम सूचिकृत हुनु पर्नेछ। | नेपालको संविधानको धारा ३८(२) ले महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी हकको व्यवस्था गरेको छ। त्यसैगरी सुरक्षित मातृत्व तथा |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | पर्नेछ। | | प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को प्रस्तावनाले महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नको लागि सुरक्षित, गुणस्तरीय,सर्वसुलभ तथा पहुँच योग्य हुने कुराको सुनिश्चितता गरेको छ।<br><br>स्वास्थ्य संस्थाको मापदण्ड र योग्यता, उपयुक्त प्रविधि र प्रक्रिया पुरा गरेको अवस्थामा सेवा प्रदान गर्न छुट्टै इजाजत लिई राख्नु पर्ने व्यवस्था आवश्यक नभएको ।<br><br>उपयुक्त प्रविधि र प्रक्रिया पुरा गरेको साथै मापदण्ड र योग्यता पुरा गरेको वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले तोकेको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीले सेवा प्रदान गर्न छुट्टै इजाजत व्यवस्था आवश्यक नभएको।<br><br>उपयुक्त प्रविधि र प्रक्रिया पुरा गरेको साथै मपदण्ड र योग्यता पुरा गरेको वा नेपाल सरकार र स्थानीय सरकारले तोकेको स्वास्थ्य |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | | संस्थामा कार्यरत स्वास्थ्यकर्मीले सेवा प्रदान गर्न छुट्टै इजाजत चाहिने व्यवस्था आवश्यक नभएको। |
| १९. | २४ को खण्ड (क) | (क) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव | (क)सचिव, मन्त्रालय | परिवर्तित मन्त्रालयहरूको नाम अनुसार मन्त्रालयहरूको नाम परिवर्तन गर्न आवश्यक भएको हुनाले, |
| २०. | २४ को खण्ड (ख) | (ख) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव | ख)सहसचिव, महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय | |
| २१. | २४ को खण्ड (ग) | (ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सहसचिव | (ग) सहसचिव, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | |
| २२. | २४ को खण्ड (ज) | (ज) कानून अधिकृत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | (ज) शाखा प्रमुख, कानून शाखा, मन्त्रालय | |
| २३. | २४ को खण्ड (झ) | (झ) प्रजनन स्वास्थ्य तथा प्रजनन अधिकारको क्षेत्रमा अध्ययन अनुसन्धान वा सेवा प्रदान गरिरहेका पेशागत संस्था/व्यक्तिहरु मध्येबाट एक महिलासहित मन्त्रालयबाट मनोनित प्रतिनिधि दुई जना - सदस्य | (झ) प्रजनन स्वास्थ्य तथा प्रजनन अधिकारको क्षेत्रमा अध्ययन अनुसन्धान वा सेवा प्रदान गरिरहेका पेशागत संस्था/व्यक्तिहरु मध्येबाट कम्तिमा एक महिलासहित मन्त्रालयबाट मनोनित प्रतिनिधि दुई जना - सदस्य | |
| २४. | २५ को खण्ड (ग) | थप गर्नुपर्ने | (ग१) दफा ७ को उपदफा (३) बमोजिम अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) नगरेको कारण जोखिम वा हानि भएमा | स्वास्थ्य संस्थामा उपचार सम्भव नभएको अवस्थामा गर्भवती महिलाको समयमै प्रेषण नगर्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक भएको |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | | हुनाले, |
| २५. | २५(च१) | थप गर्नुपर्ने | (च१) दफा १२क. विपरित हिंसा गरेमा, | थप भएको दफा अनुसार कसूर कायम गर्नुपर्ने भएको हुनाले, |
| २६. | २५(ट१) | थप गर्नुपर्ने | (ट१) दफा २९क. को उपदफा (१) बमोजिम सेवा प्रदान नगरेमा," | थप भएको दफा अनुसार कसूर कायम गर्नुपर्ने भएको हुनाले, |
| २७. | २६ (क) | (क) खण्ड (क), (ख), (ग), (घ) र (ठ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय, | (क) खण्ड (क), (ख), (ग), (ग१), (घ), (च१) र (ट१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय, | थप भएका व्यवस्था भएका कसूरहरूलाई सजायमा थप गर्न आवश्यक भएको हुनाले, |
| २८. | २९ | २९.भेदभाव गर्न नपाइने : कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, समुदाय, पेशा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट सङ्क्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णता (मर्बिडिटी) को अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक | २९. भेदभाव गर्न नपाइने : कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, समुदाय, पेशा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट सङ्क्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णता (मर्बिडिटी) को अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक | प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा को सट्टा प्रजनन स्वास्थ्य रुग्णता लगायतका सेवा राख्न उपयुक्त भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमले भेदभाव गर्न पाइने छैन। | प्रसूति तथा नवजात शिशु, प्रजनन् स्वास्थ्य रुग्णता लगायतका सेवा प्राप्त गर्ने अधिकारमाथि कुनै किसिमले भेदभाव गर्न पाइने छैन। | |
| २९. | २९क. | थप गर्नुपर्ने | २९क. विपद्मा प्राथमिकता दिनुपर्ने : (१) स्वास्थ्य संस्थाले विपद्को अवस्थामा सेवा प्रदान गर्दा सुरक्षित मातृत्व, आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा र सुरक्षित गर्भपतन सेवालाई प्राथमिकता दिनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्नका लागि स्वास्थ्य संस्थाले तोकिए बमोजिमका नवीनतम वैज्ञानिक प्रविधि उपयोग गर्न सक्नेछ। | विपदको समयमा प्राथमिकताको साथ सेवा दिनुपर्ने व्यवस्थालाई थप गर्न आवश्यक भएको हुनाले। |
| ३०. | | | रुपान्तर : यस ऐनको ठाउँ ठाउँमा रहेका "परिवार नियोजन" भन्ने शब्दहरूको सट्टा "परिवार योजना" भन्ने शब्दहरू राखिएका छन् | |

# सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.स. | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | वर्तमान कानूनी व्यवस्थाले स्वःत हुने गर्भपतनलाई समेत दण्डनीय बनाएको हुनाले उक्त विषयलाई संशोधन गरी साथै सूचिकृत स्वास्थ्य संस्थाबाट गर्भपतन गराउने व्यवस्था गरी महिलाको हित संरक्षणका लागि प्रस्ताव गरिएको। |
| २. | ३ | गर्भवती अवस्थामा अनिवार्य चार पटक र चिकित्सकको सल्लाह बमोजिम गर्भजाँच गर्ने व्यवस्था राख्ने गरी प्रस्ताव गरिएको। |
| ३. | ४ | गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी दक्ष एवं अनिवार्य रूपमा तालिम प्राप्त हुने व्यवस्था, साथै आर्थिक वा अन्य कुनै कारणबाट गर्भवती वा प्रसूति सेवा प्रदान गर्न इन्कार गर्न नहुने व्यवस्था प्रस्ताव गरिएको। |
| ४. | ५ | स्वास्थ्य संस्थामा गर्भपतन गराएका महिलाको अभिलेख व्यवस्थित गर्ने व्यवस्थालाई स्पष्ट गराउन भाषागत स्पष्टताको प्रस्ताव गरिएको। |
| ५. | ६ | गर्भ अवस्था देखि सुत्केरी अवस्थासम्मको हिंसाजन्य कार्यलाई संवेदनशीलताको साथ लिई दण्डित गर्नको लागि हिंसाजन्य कार्यलाई परिभाषित गर्न प्रस्ताव गरिएको। |
| ६. | ७ | महिला तथा बालबालिकाको अधिकारको संरक्षण गर्नुको साथै सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तीमा छ महिनासम्मको तलब सहितको प्रसूति बिदा, गर्भवती महिलाले मृत शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा अन्ठानब्बे दिनको सुत्केरी बिदा तथा पुरुष कर्मचारीको पत्नि गर्भवती भएमा त्यस्तो कर्मचारीले प्रसुति हुनुअघि वा पछि पारिश्रमिक सहितको बयालिस दिनसम्मको प्रसुति स्याहार बिदाको माध्ययमबाट प्रसूति अवस्था पछिको स्वास्थ्य सुधार र निरन्तर स्तनपानको व्यवस्था गर्नको लागि प्रस्ताव गरिएको। |
| ७. | ८ | प्रजनन् स्वास्थ्य रुग्णता (मर्बिडिटी) को कारणले जटिल शल्यक्रिया गर्नु पर्ने भएमा त्यस्तो शल्यक्रिया हुदाँ प्रदान हुने अतिरिक्त बिदाको प्रयोगलाई थप स्पष्टता गर्नको लागि प्रस्ताव गरिएको। |
| ८. | ९ | गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्ने वा १८ बर्ष मुनीको बालिका वा अपाङ्गता भएको महिला माथि जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ वा भ्रूणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशानुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भूर्णमा अशक्तता हुने अवस्थामा गर्भवती महिलाको मन्जुरीले जुन सुकै अवस्थामा गर्भपतन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको। |
| ९. | १० | बलपूर्वकको गर्भपतनलाई दण्डनीय गर्ने व्यवस्था प्रस्ताव गरिएको। |

| | | |
|---|---|---|
| १०. | ११ | गर्भपतन गर्ने संस्था तथा स्वास्थ्यकर्मी सूचिकरण गर्दै नियमन गर्ने गरी प्रस्ताव गरिएको। |
| ११. | १२ | नेपाल सरकार कार्य विभान नियमावली, २०८३ बमोजिम समितिमा रहने पदाधिकारीको प्रतिनिधित्व संरचनामा परिवर्तन गर्ने गरी प्रस्ताव गरिएको। |
| १२. | १३ | थप गरिएका व्यवस्थालाई कसूर कायम गरिएको। |
| १३. | १४ | थप गरिएका कसूरलाई समेत समावेश गरी दण्ड सजायको प्रस्ताव गरिएको |
| १४. | १५ | प्रजनन स्वास्थ्य रुग्णता लगायतको सेवाका सम्बन्धमा स्पष्टता कायम गर्न प्रस्ताव गरिएको। |
| १५. | १६ | विपद्मा सुरक्षित मातृत्व तथा आकस्मिक प्रसूति सेवा तथा सुरक्षित गर्भपतन सेवालाई प्राथमिकता दिने गरी प्रस्ताव गरिएको। |
| १६. | १७ | परिवार नियोजनलाई समय सान्दर्भिक रूपमा परिवार योजनाका रूपमा रूपान्तर गर्ने गरी प्रस्ताव गरिएको। |